का.जि.प्र.का.द.नं. १००/०५९/६०
१८ साउन २०८०,
बिहीबार
3 August 2023,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १८९ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# पार्टीभित्रै प्रचण्डको चर्को आलोचना

अहिले देशको राजनीति जुन विन्दुमा छ, जनताले हाम्रो पार्टी र आन्दोलनबाट जे-जस्ता आशा र अपेक्षा गरेका छन्, पछिल्लो चरणमा हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन भइसकेपछि सरकारले अगाडि सारेका कार्यक्रम, लिएका पहलकदमी र गरिएका गतिविधिबाट जनतामा नयाँ आशा पलाएको छ ।

**प्रचण्ड**
अध्यक्ष, माओवादी केन्द्र

दाहालको निजी सहायक गंगा दाहाल हुनु र नारायणकाजी श्रेष्ठको निजी सहायक सुरेशकाजी श्रेष्ठ हुनु संयोगमात्र नभएको भन्दै नेताहरूका परिवारका सदस्यलाई निजी वा स्वकीय सचिवमा नराख्ने निर्णय गर्नुपर्ने माग नै अगाडि आएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

नेकपा माओवादीको केन्द्रीय समितिको पहिलो दिनको बैठकमा १८ जना केन्द्रीय सदस्यहरुले धारणा राखेका छन् ।

कन्द्रिय समितिले प्रत्यक्ष प्रशारण गर्ने निर्णय गरेको उक्त बैठक स्थायी समितिको निर्णयका आधारमा बन्द छलफलका परिणात भयो । बन्द छलफलमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राजनीतिक तथा सांगठानिक प्रतिवेदन पेश गरे । राजनीतिक तथा सांगठानिक प्रतिवेदनमार्फत अध्यक्ष प्रचण्डले भदौदेखि तीन महिने 'जनतासँग पार्टी' अभियानदेखि पार्टी सुदृढ बनाउने लगायतका प्रस्तावहरु अगाडि सारेका छन् ।

सम्बोधनका क्रममा उनले सरकारको कामकारबाहीको विषय पनि उल्लेख गरे । 'अहिले देशको राजनीति जुन विन्दुमा छ, जनताले हाम्रो पार्टी र आन्दोलनबाट जे-जस्ता आशा र अपेक्षा गरेका छन्, पछिल्लो चरणमा हाम्रो पार्टीको नेतृत्वमा सरकार गठन भइसकेपछि सरकारले अगाडि सारेका कार्यक्रम, लिएका पहलकदमी र गरिएका गतिविधिबाट जनतामा नयाँ आशा पलाएको छ' अध्यक्ष प्रचण्डले भनेका छन् ।

प्रचण्डले प्रस्तुत गरेको प्रतिवेदनउपर बोल्ने नेताहरुले स्वयम प्रचण्डसहित नेतृत्वको चर्को आलोचना गरेका छन् ।



'सत्तामा रहेका नेताहरूले आफूलाई 'डिलिङ' मा सजिलो हुने भएकाले आफन्तहरूलाई निजी सहायकमा नियुक्त गरेको केन्द्रीय पृष्ठ २ मा

## जम्बो केन्द्रीय समितिको प्रस्ताव

बैठकको प्रारम्भमा पार्टी अध्यक्ष प्रचण्डले संगठनात्मक संरचनालाई चुस्त दुरूस्त बनाउने, पार्टी पंक्तिलाई वडास्तरमा फर्काउने, तीन महिनाको विशेष अभियान सञ्चालन गर्ने, विधान सम्मेलन गर्ने, सम्मेलनमार्फत पार्टीलाई चुस्त र व्यवस्थित तुल्याउने प्रस्ताव राखेका थिए ।

तर सोही बैठकमा केन्द्रीय समिति जम्बो बनाउने प्रस्ताव पनि प्रस्तुत भयो ।

प्रस्तुत विधान संशोधनको प्रस्तावमा केन्द्रीय समितिको संख्या बढाउने प्रस्ताव छ । प्रस्तावमा मौजुदा केन्द्रीय समितिलाई ४०९ सदस्यीय बनाउने उल्लेख छ। अहिले माओवादीको केन्द्रीय समिति तीन सय ८७ सदस्यीय छ ।

माओवादी केन्द्रले केन्द्रीय समितिमा २५ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्नेगरी विधान संशोधन प्रस्ताव गरेको केन्द्रीय कार्यालयका सचिव डोरप्रसाद उपाध्यायले जानकारी पृष्ठ २ मा

## साढे ७ लाख सदस्य रहेको दाबी

बैठकमा प्रचण्डले पाटी सदस्यको संख्या सात लाख ५२ हजार नौ सय ५६ रहको तथ्यांक प्रस्तुत गरेका छन् । उनका अनुसार कोशीमा ९९ हजार छ सय एक, मधेसमा एक लाख १६ हजार नौ सय ७५, बागमतीमा एक लाख ४७ हजार तीन सय ५३, गण्डकीमा ६६ हजार छ सय ८७ सदस्य छन् ।

यसैगरी, लुम्बिनीमा एक लाख १२ हजार नौ सय १०, कर्णालीमा ८५ हजार सात सय ७४ र सुदूरपश्चिममा ७० हजार चार सय ८२, सम्पर्क कमिटी १९ हजार तीन सय १३, उपत्यकामा १८ हजार तीन सय २५ र प्रवासमा पाँच हजार पाँच सय ३७ पार्टी सदस्य छन्

माओवादीको केन्द्रीय समिति बैठक निकै लामो अन्तरालमा बसेको छ। यसअघि २०७९ असार १९ देखि २५ सम्म केन्द्रीय समितिको तेस्रो बैठक बसेको थियो । त्यसयता बैठक बस्न सकेको थिएन । पृष्ठ २ मा

प्रस्तावित राजदूतलाई प्रश्न

# दूतावास आराम गर्ने थलो हो ?

सरकारले सिफारिस गरेका राजदूतको संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । गत असार २६ गते बसेको मन्त्रिपरिषदको बैठकले रिक्त सातमध्ये ६ कूटनीतिक नियोगका लागि राजदूत सिफारिस गरेको थियो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

विभिन्न मुलुक र नियोगका लागि सरकारद्वारा प्रस्तावित छ राजदूतमध्ये तीन जनाको संसदीय सुनुवाइ भएको छ ।

संघीय संसद्, सार्वजनिक सुनुवाइ समितिको बुधबारको बैठकमा न्युयोर्कस्थित नेपाली स्थायी नियोग, स्विजरल्यान्ड र फ्रान्सका लागि प्रस्तावित राजदूतको संसदीय सुनुवाइ भएको हो । बैठकमा न्यूयोर्कका लागि प्रस्तावित राजदूत लोकबहादुर थापा, स्वीजरल्यान्डका लागि रामप्रसाद सुवेदी र फ्रान्सका लागि प्रस्तावित राजदूत सुधीर भट्टराईले आ-आफ्ना योग्यता, अनुभव, अवधारणा र कार्ययोजना प्रस्तुत गरे ।

सो क्रममा उनीहरूले आफूलाई खटाएको नियोग र मुलुकबाट उच्चस्तरीय भ्रमण आदानप्रदान गराउने, दुई देशबीचको सम्बन्ध थप सुदृढ तुल्याउन हरसम्भव प्रयत्न गर्ने, आर्थिक कूटनीतिमा जोड दिने, वैदेशिक लगानी भित्र्याउन पहल गर्ने तथा वैदेशिक सहयोग प्राप्त गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए ।

संयुक्त राष्ट्रसंघको आवासीय प्रतिनिधिका लागि सरकारले सिफारिस गरेको लोकबहादुर थापाले १८ पृष्ठको कार्ययोजना प्रस्तुत गरेका थिए ।

उनले विगतमा चीन, अष्ट्रेलिया, साउदी अरब, बेल्जियम लगायतका देशमा आफूले कूटनीतिक क्षेत्रमा काम गरेको अनुभव प्रस्तुत गरेका थिए । विगत ३३ वर्षदेखि परराष्ट्र सेवामा रहेको बताउँदै उनले आफू नियुक्त भएमा नेपाल र संयुक्त राष्ट्रसंघको सम्बन्ध बलियो बनाउन काम गर्ने बताए ।

नेपालबाट संयुक्त राष्ट्रसंघका कार्यक्रम, गतिविधि र भेटघाटमा नेपालबाट हुने भ्रमण व्यवस्थित बनाउन प्रयत्न गर्ने बताए ।

अन्तर्राष्ट्रिय जगतमा आफ्नो कुरा स्पष्ट राख्ने, संयुक्त राष्ट्रसंघका अंगलाई नेपालको मुद्दाहरुमा सहमत गराउन प्रयत्न गर्ने, नेपालको विकासका लागि आर्थिक सहयोग जुटाउन प्रयत्न गर्ने थापाले प्रतिवद्धता जनाए ।

उनले नेपालमा जलवायु परिवर्तनबाट देखा पृष्ठ २ मा

# ६ महिनापछि सुदूरपश्चिम सरकारले पायो पूर्णता

नागरिक उन्मुक्ति पार्टीसँगको भागबण्डा मिलेसँगै सुदूरपश्चिम सरकारले पूर्णता पाएको छ । यसलाई मुख्यमन्त्री कमल बहादुर शाहले एउटा प्रमुख उपलब्धिको रुपमा व्याख्या गरेका छन् ।



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १७ साउन ।

सुदूरपश्चिम सरकारले पूर्णता पाएको छ । नागरिक उन्मुक्ति पार्टीसँगको भागवण्डा मिलेसँगै सुदूरपश्चिम सरकारले पूर्णता पाएको छ । यसलाई मुख्यमन्त्री कमल बहादुर शाहले एउटा प्रमुख उपलब्धीको रुपमा व्याख्या गरेका छन् ।

मुख्यमन्त्रीमा शाह नियुक्त भएको झण्डै छ महिना पुग्नै लाग्दा सरकारले पूर्णता पाएको हो । नवनियुक्त मन्त्रीहरुलाई बुधबार प्रदेश प्रमुख देवराज जोशीले पद तथा गोपनीयको शपथ ग्रहण गराए ।

तेस्रो पटकमा मन्त्रीमण्डललाई पूर्णता दिएका मुख्यमन्त्री शाहले कांग्रेसका प्रदेशसभा सदस्य शिवराज भट्टलाई आन्तरिक मामिला तथा कानुन मन्त्रीको जिम्मेवारी दिएका छन् ।

नागरिक उन्मुक्ति पार्टीका रामेश्वर चौधरीलाई भूमि व्यवस्था कृषि पृष्ठ २ मा


## यूएईमा रोजगारको अवसर

कम्पनी: OIL TECH OIL AND GAS SERVICES LLC
शहर: ABU DHABI

पूर्व स्वीकृत मिति: २०८०/०४/०७  चलानी नं.: ६०२०५१४३  LT. No.: 289782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 115 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Insulation Worker | 70 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Also we need additional positions will be interview - Scaffolder, Scaffolder Helper, Insulators, Sheet Metal Fitter, Sheet Metal Fabricators, Sand Blaster, Spray Painter, Scaffolding Supervisors(CISRS/DIPLOMA or DEGREE and Scaffolding Inspectors (CISR).

अन्तर्वार्ता Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन २२ र २३ गते (7 & 8 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन २४ गते (9 August 2023) मा हुनेछ ।
अन्तर्वार्ता Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २५ गते (10 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk , Sinamangal -9, Kathmandu
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Phone : 014579390, 4579391/ E-mail : nepalajeets@gmail.com
Itahari Contact No: 9816391855,025581002 / 9851016758
Kathmandu Contact No:9809494042
9823463896, Pokhara Contact No: 9816658385

माथि उल्लेखित विज्ञापनको अन्तर्वार्ता मिति परिबर्तन गरिएको सम्बन्धमा सूचना
Gulf Technical Institute, Itahari, Sunsari मा २०८० साउन १७ र १८ गते (2 & 3 August 2023) लाई साउन २२ र २३ गते (7 & 8 August), Nile International Technical Tranning Center, Sinamangal Kathmandu मा २०८० साउन १९ गते (4 August 2023) लाई साउन २४ गते (9 August) र Janapriya Hotel, Pokhara, Kaski मा २०८० साउन २० गते (5 August 2023) लाई साउन २५ गते (10 August) मा हुनेछ । भनि सम्पूर्णमा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।


## वैदेशिक रोजगार विशेष

# रोमानिया, साइप्रस, माल्टा र पोल्याण्ड युरोपका प्रमुख गन्तव्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

नेपाली कामदार गएका तीन दर्जन बढी युरोपेली मुलुकमध्ये गत आर्थिक वर्ष रोमानियामा सबैभन्दा बढी नेपाली कामदार पुगेका छन् । मध्यपूर्वी र दक्षिणपूर्वी युरोपको बीचमा पर्ने उक्त मुलुकमा नेपाली कामदार मुलतः होटल, कृषि र उद्योगमा जाने गरेका छन् ।

वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष श्रम स्वीकृति लिएर युरोपका ४० मुलुकमा नेपाली गएका छन् । आर्थिक वर्ष २०७९/८० मा युरोपेली मुलुकका विभिन्न देशका लागि ४४ हजार ३ सय २७ जनाले श्रम स्वीकृति लिएका छन् ।

रोमानियामा संस्थागत अर्थात म्यानपावर कम्पनीमार्फत ६ हजार ८ सय ५ जना पुरुष र ९ सय ३ महिला गरी ७ हजार ७ सय ८ जना गएका छन्



भने व्यक्तिगत श्रम स्वीकृतिमा ७ सय ५१ महिला र ४ हजार ६ सय ७८ पुरुष गरी ५ हजार ४ सय २९ जना गएका छन् । समग्रमा पुनः श्रम स्वीकृतिसहित १३ हजार १ सय ३७ जना नेपाली उक्त मुलुक गएका छन् । न्यूनतम साढे ५ सय युरो तलब पाउने उक्त मुलुक नेपाली श्रमिकका लागि आकर्षक श्रम गन्तव्य मानिन्छ ।

बढी कामदार गएको दोस्रो युरोपेली मुलुक हो क्रोएसिया । उक्त मुलुकमा म्यानपावर कम्पनीमार्फत १ सय ५९ महिला र १ हजार ५ सय ३३ पुरुष गरी १ हजार ६ सय ८५ र व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमार्फत ७ हजार १ सय ८६ जना गएका छन् ।

धेरै नेपाली गएको तेस्रो युरोपेली मुलुक माल्टा हो। माल्टामा संस्थागतरुपमा जम्मा ७६ जना र व्यक्तिगत रुपमा १ हजार ४ सय ४२ महिलासहित ५ हजार ५ सय २७ जना पुरुष गएका छन्। पुनः श्रम स्वीकृतिसमेत गरी गत वर्ष उक्त मुलुकमा ५ हजार ६ सय ३ जना गएका छन् ।

धेरै नेपाली गएको चौथो युरोपेली मुलुक पोल्याण्ड रहेको छ। उक्त मुलुकमा गत वर्ष संस्थागतरुपमा एक जना पनि गएका छैनन् । तर व्यक्तिगतरुपमा ६ सय ८९ जना महिला र ४ हजार २ सय २६ पुरुष गरी ४ हजार ९ सय १५ जना पोल्याण्ड गएका छन्। धेरै नेपाली गएको पाँचौं पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१८ साउन २०८०, बिहीबार
3 August 2023, Thursday

## सम्सानघाट जग्गा विवाद

# उपमेयर आलमले द्वन्द्व गराउन खोजेको आरोप

**अभिमन्यु पटेल/मध्यान्ह**
रौतहट, १७ साउन







रौतहटको इशनाथ नगरपालिका-९ डुमरीयामा सम्सानघाटको सार्वजनिक जग्गाको विषयलाई लिएर हिन्दु र मुस्लिम समुदायबीच द्वन्द्व हुने स्थिति सिर्जना भएको छ । ईशनाथ नगरपालिकाका उपमेयर परवेज आलमले सो जग्गाको विषयमा दुई समुदायबीच अनावश्यक विवाद गराई सम्प्रदायिक दंगा फैलाउन एवं द्वन्द्व गराउन खोजेको स्थानीयहरुले आरोप लगाएका छन् । डुमरीयामा रहेको उक्त करिब एक विघा सार्वजनिक जग्गा हिन्दुहरुले परापुर्वकालदेखि नै शव जलाउने सम्सान घाटको रुपमा प्रयोग गर्दै आएका छन् । राजपुर नगरपालिकादेखि डुमरीया गाउँ जाने मुख्य बाटोकै छेउमा रहेको सो सार्वजनिक जग्गालाई उपमेयर आलमको सहयोगमा स्थानीय शेख नसिरले कब्जा गर्न खोजेको र त्याहाँ कुनै हालतमा हिन्दुहरुको शव जलाउन नदिने मनस्थिति बनाएको स्थानीयहरु बताउँछन् ।

सो सार्वजनिक जग्गाको पुर्वतर्फ केही दिनअघि मात्र शेख नसिरले जग्गा किनेको थियो । नसिरको जग्गा भन्दा पश्चिमतर्फ मुख्य बाटोलाई छोएर सम्सानघाटको सार्वजनिक जग्गा रहेको छ ।

करोडौं मूल्य बराबरको रहेको सो सम्सानघाटको जग्गा कब्जा गर्न आफुले किनेको सबै जग्गा नै बाटोसँग टाँसिने र जग्गाको भाउ समेत बढ्ने भएको हुँदा जसरी भएपनि उक्त सार्वजनिक जग्गा कब्जा गर्ने दाउमा नसिर लागेको स्थानीयबासिन्दाले बताएका छन् ।

गत साउन १४ गते नगर उपप्रमुख परवेज आलमको रोहवरमा उक्त सम्सान घाटको जग्गा नापी गरिएको र पिलर एवं तारवारसहित घेराबन्दी गर्ने निर्णय गरिएको थियो ।

सो जग्गालाई संरक्षण गर्ने उद्देश्यले पिलर, तारवार लगाएर घेराबन्दी गर्ने भएको निर्णय अनुसार आफुहरु तारवार गरी घेराबन्दी गर्न खोज्दा कसैले कुनै प्रकारको अवरोध नगरेपनि शेख नसिर, उनका छोरा र नातीहरु पिलरलाई उखेलेर फालिदिएको वडा अध्यक्ष रामबाबु राय यादवले बताए ।

उनीहरुले पिलर उखेलेर फालिदिएपछि पुनः दोस्रो पटक पिलर, तारवार लगाई घेराबन्दी गर्न लाग्दा उपमेयर आलमले उक्त जग्गामा तारवार लगाउन र घेराबन्दी गर्न रोक लगाएको वडा अध्यक्ष यादवले बताए ।

शेख नसिरको श्रीमति शहजदिन खातुनले जग्गा संरक्षणका लागि दिएको निवेदनमाथि न्यायीक समितिमा छलफल जारी रहेकोले अन्तिम निर्णय नहुन्जेलसम्मका लागि सो विवादित जग्गामा नाप जाँच नगर्न, नगराउन र यथास्थितिमा राख्न भनी वडा कार्यालयलाई आदेश दिएका छन् ।

उपमेयर आलमले आफ्नो स्वंयम उपस्थितिमा सो जग्गा नापी गरी तारवार लगाउने निर्णय गरेको र उनकै निर्णय अनुसार आफुहरु तारवार लगाउन थालेपछि अहिले आएर एक्कासी उनले रोक लगाउनु निन्दनीय कार्य भएको अध्यक्ष यादवले बताए । जातीयताको हिसावले उपमेयर आलमले नसीरको दबाव र मिलेमतोमा आफुखुसी तारवार लगाउन नदिने निर्णय गरी समाजमा समप्रदायीका दंगा, अशान्ति मच्चाउन र द्वन्द्व गराउन खोजेको वडा अध्यक्ष यादवले आरोप लगाए ।

परापूर्वकालदेखि सो जग्गा समसान घाटको रुपमा प्रयोग गरिँदै आएको कुरा सबैलाई थाहा हुँदाहुँदै उपमेयर आलमले नसिरको दबावमा उक्त जग्गा समसान घाटको रुपमा प्रयोग गर्न नदिने नियतका साथ तारवार लगाउन नदिएको भन्दै हिन्दु समुदायका व्यक्तिहरुले उपमेयर आलममाथि निकै आक्रोसित भएका छन् ।

उपमेयर आलमको यस्तो रबैयाका कारण यहाँ जतिखेर पनि हिन्दु र मुस्लिम समुदायबीच भिडन्त भई दंगा हुन सक्ने सम्भावना रहेको स्थानीय सिकेन्द्र प्रसाद सिन्हाले बताए ।

उपमेयर आलमले छलफलको माध्यमले तुरुन्त समस्याको समाधान खोज्नुपर्ने उनले बताए । समस्याको समाधान नखोजे दुई समुदायबीच सम्प्रदायीक दंगा भई ठुलो मानविय क्षति हुन सक्ने र त्यसको जिम्मेवारी उपमेयरले लिनुपर्ने उनले बताए ।

# गौर हत्याकाण्ड पीडित संघर्ष समितिले थप संघर्षका कार्यक्रम गर्ने




**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ साउन

गौर हत्या काण्ड संघर्षसमितिले थप संघर्षका कार्यक्रम गर्ने घोषणा गरेको छ । समितिको बुधबार बसेको बैठकले थप संघर्षका कार्यक्रम गर्ने घोषणा गरेको हो ।

समितिले सरकारको भूमिकामा सुधार नआए रातहटमा जारी धर्ना कार्यक्रमलाई संघीय राजधानी काठमाडौंमा केन्द्रित गर्न बाध्य हुने समेत जनाएको छ ।

संघर्ष समितिका संयोजक रुपसागर देवी उपाध्यायद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अहिलेको २१ औं शताब्दीको कानूनी शासनको युगमा १७ वर्ष वितिसक्दा पनि हामी पीडितहरुले न्याय नपाउनु र न्यायको लागि विभिन्न संघर्ष गर्दा पनि नेपाल प्रहरीले कुनै कारबाही अगाडि नबढाउनु र यसप्रति केन्द्र सरकार पनि मौन बस्नु जस्ता गतिविधिले हामीलाई थप पीडित बनाएको स्थिति छ । यो सम्पूर्ण घटनाक्रमलाई विगतदेखि वर्तमानसम्म नियाल्दा सरकार अपराधी जोगाउनु नै सक्रिय रहेको हो कि जस्तो आशंका बढाएको छ ।'

यस्तै समितिले यस न्यायको आवाजलाई बुलन्द गर्न संघर्षको कार्यक्रममा सहभागी भइ सहयोग गर्न आग्रह समेत गरेको छ ।

# मौलापुरमा अनियमित विद्युत कटौतीको समस्या समाधान हुँदै

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १७ साउन



जिल्लाको मौलापुर नगरपालिकामा रहेको नेपाल विद्युत प्राधिकरण मौलापुर वितरण केन्द्रमा १६ एमभिएको ट्रान्सफर्मर जडान भइरहेको छ । पछिल्लो केही दिनदेखि मौलापुर वितरण केन्द्र आसपासका क्षेत्रमा अनियमितरुपमा विद्युत कटौती हुन थालेपछि स्थानीयहरु आक्रोशित बनेका थिए ।

केही दिनयता बढेको अत्यधिक गर्मी र अनियमित विद्युत कटौतीका कारण स्थानीय आजित बनेका छन् । तर अब सो समस्या चाँडै समाधान हुने भएको छ । यसअघि वितरण केन्द्रमा रहेको ८ एमभिएको ट्रान्सफर्मर बदलेर १६ एमभिएको ट्रान्सफर्मर जडान हुने लागेको हो । जसको काम द्रुत गतिमा अगाडि बढिरहेको मौलापुर वितरण केन्द्रका प्रमुख दिनेश राय यादवले जानकारी गराए ।

उक्त ट्रन्सफर्मर जडान भएपछि अनियमितरुपमा बत्ती जाने समस्या समाधान हुने उनले जानकारी दिए । उक्त ट्रन्सफर्मर जडानको अधिकांश काम सम्पन्न भइसकेको इन्जिनियर हरुले बताएका छन् । अबको पाँचौं दिन उक्त नयाँ ट्रन्सफर्मर सुचारु हुने उनीहरको भनाइ छ । ८ एमभिएको ट्रन्सफर्मर हुँदा ओभरलोड भइ लाइन ट्रिप हुने समस्या थियो ।

वितरण केन्द्रमा बारम्बार उक्त समस्या उत्पन्न भएपछि नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयले १६ एमभिएको नयाँ ट्रान्सफर्मर उपलब्ध गराएको प्रमुख यादवले बताए । यससँगै अब वितरण केन्द्र अन्तर्गतका २५ हजार ८५ उपभोक्ताले राहत पाउने भएका छन् ।

मौलापुर वितरण केन्द्र अन्तर्गत हुकिङ धेरै भएर विद्युत चुहावट अत्यधिक मात्रामा हुने गरेको छ । जबकि यस केन्द्र अन्तर्गतका पालिकाहरुले कृषि मिटर निःशुल्क गरेका छन् भने विद्युत महसुलमा पनि सहुलियत दिइएको छ । तर पनि विद्युत चुहावट रुकन सकिएको छैन । साथै विद्युत महसुल पनि असुली हुन सकेको छैन । महसुल संकलन नहुँदा शाखा चलाउन नै मुश्किल भइरहेको कार्यालय प्रमुख यादवले बताए ।

# आपराधिक घटनामा वृद्धि, सबैभन्दा बढी उपत्यकामा

**काठमाडौं/मस–** नेपालमा आपराधिक घटनामा वृद्धि भएको पाइएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार पछिल्लो दुई वर्षको तथ्यांकक हेर्दा अघिल्लो वर्षभन्दा १० हजार बढी अपराधका घटना प्रहरीमा दर्ता भएका छन् ।

गएको आर्थिक वर्ष २०७९/८० मा कुल ५६ हजार तीन सय १९ विभिन्न प्रकृतिका आपराधिक घटना भएका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार ती घटनामध्ये ३३ हजार ६३ वटा घटनाको फर्स्यौट भएको छ भने २३ हजार बढी मुद्दा फछ्र्यौट हुन बाँकी छ । त्यसको अघिल्लो आव २०७८/७९ मा भने ४६ हजार नौ सय दुई वटा घटना दर्ता भएका थिए ।

प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले घटना उजुरी दर्ताका हिसाबले अघिल्लो आवभन्दा गएको आवमा बढेको बताए । उनका अनुसार सबैभन्दा बढी काठमाडौं उपत्यकामा १६ हजार बढी घटना दर्ता भएको छ । त्यसपछि मधेश प्रदशेमा नौ हजार बढी र कोशी प्रदेशमा आठ हजार बढी घटना दर्ता भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्राप्त विवरणअनुसार सिआइबीमा ४३, काठमाडौं उपत्यकामा १६ हजार छ सय २७, कोशी प्रदेशमा आठ हजार सात सय २०, मधेश प्रदेशमा नौ हजार आठ सय ४४, बागमती प्रदेशमा चार हजार छ सय ७९, गण्डकी प्रदेशमा चार हजार एक सय ७७, लुम्बिनी प्रदेशमा छ हजार नौ सय ९७, कर्णाली प्रदेशमा एक हजार सात सय २९ र सुदूरपश्चिम प्रदेशमा तीन हजार पाँच सय तीन उजुरी दर्ता भएको छ ।

प्रवक्ता कडायतले भने, 'अन्य घटना खास त्यसरी बढेका छैनन्, जघन्य अपराध पनि बढेको छैन, त्यही बैंकिङ कसुर, साइबरजन्य अपराध भने बढेको छ ।' पैसा नभएको बैंकका चेक दिएको उजुरी परेको संख्या ह्वात्तै बढेको उनले बताए ।

प्रहरीको विवरणअनुसार बैंकिङ कसुरका मात्रै १२ हजार एक सय ३५ घटना दर्ता भएको छ । यस्तै ज्यानसम्बन्धीका कसुर नै आठ हजार बढीको भएको छ ।

## पार्टीभित्रै...

सदस्य तथा प्रवास समन्वय समितिका कार्यबाहक इन्चार्ज लक्ष्मण पन्तको टिप्पणी छ । दाहालको निजी सहायक दाहाल हुनु र नारायणकाजी श्रेष्ठको निजी सहायक सुरेशकाजी श्रेष्ठ हुनु संयोगमात्र नभएको उनको भनाइ छ । नेताहरूका परिवारका सदस्यलाई निजी वा स्वकीय सचिवमा नराख्ने निर्णय गर्न उनले केन्द्रीय समितिसमक्ष माग राखेका छन् । प्रचण्डसहित नेतृत्वको चर्को आलोचना गरेका उनले कर्मचारीमा नायब सुब्बाको सरुवामा पनि अध्यक्षका परिवारका सदस्यहरूको रुचि रहने गरेको आरोप लगाए । नेता पन्तले आगामी चारदेखि छ महिनाभित्र पार्टी महाधिवेशन गरेर अध्यक्षसहित सिंगो केन्द्रीय समितिलाई पुनः निर्वाचित गराउन समेत माग गरे ।

कमलादीस्थित प्रज्ञा-प्रतिष्ठानमा भएको जारी बैठकमा नेताहरुले पार्टीको पुनःनिर्माण, पार्टीको कार्यशैली, संगठनको प्रभावकारिता र सरकारका कामकारबाहीका बारेमा समेत धारणा राखेका छन् । पहिलो दिन नेताहरुले पार्टीलाई नयाँ जीवन दिने, संगठनात्मक संरचनालाई सानो बनाउने, पार्टीलाई पुनःजागृत गर्ने भन्ने विषयमा केन्द्रित भएर नेताहरूले धारणा राखे । सम्बोधनका क्रममा उनले आफ्नो नेतृत्वको सरकारले थालेका कामबाट जनतामा नयाँ आशा पलाएको बताएका थिए । उनले जनतामा उत्पन्न भएको आशा र भरोसालाई संगठनमा रूपान्तरणमा गर्नुपर्ने बताए ।

## जम्बो ...

दिए । माओवादीमा एक सय ९९ वैकल्पिक केन्द्रीय सदस्य छन् । वैकल्पिक केन्द्रीय सदस्य केन्द्रीय समितिको बैठकमा सहभागी हुन पाउँछन् । बैठकमा ३८७ पूर्ण र एक सय ९६ वैकल्पिक केन्द्रीय सदस्य, अनुशासन, लेखा र निर्वाचन आयोगका सदस्य ४१ तथा सात भौगोलिक र तीन गैरभौगोलिक गरी १० प्रदेशका ९० पदाधिकारीको सहभागिता रहेको महासचिव गुरूङले जानकारी दिए ।

## साढे...

बैठकमा अध्यक्ष प्रचण्डले देशको राजनीतिक समीकरण र राजनीतिक उतारचढाव तथा पार्टीको आन्तरिक तयारीलाई पूर्णता दिन विलम्ब भएर बैठक बस्न ढिला भएको स्वीकार गरेका थिए । पार्टी अध्यक्ष दाहालको नेृत्वमा वर्तमान सरकार गठन भएपछि गत माघ २६ गते भर्चुअल रूपमा केन्द्रीय समितिको बैठक बसेको थियो । माओवादी केन्द्रले २०७८ पुसमा आठौँ महाधिवेशन गरेको थियो । माओवादीले केन्द्रीय बैठकको प्रत्यक्ष प्रसारण गर्ने पदाधिकारीको निर्णयमाथि स्थायी समितिका नेताहरूले विरोध गरेपछि त्यसमा पुनःविचार गरेको थियो ।

लामो समयपछि बसेको केन्द्रीय समिति बैठकमा उत्साह भर्नका लागि समेत पार्टी सदस्यको संख्या देखाइएको हुन सक्ने कतिपय नेताहरुको बुझाइ छ ।

## प्रस्तावित...

परेका समस्यालाई अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी ढंगले उठाउने, संयुक्त राष्ट्रसंघका महासचिवलाई नेपाल भ्रमणका लागि प्रयत्न गरी नेपालमा भएको शान्ति प्रक्रिया, राजनीतिक परिवर्तनको सफलतालाई विश्वमाझ पुर्‍याउन प्रयत्न गर्ने उल्लेख गरे ।

सुनुवाइका क्रममा फ्रान्सका लागि प्रस्तावित राजदूत सुधीर भट्टराईलाई नेपाली कांग्रेसका सांसद ज्ञानेन्द्रबहादुर कार्कीले प्रश्न गरे, 'राजदूत हुनु भनेको आराम गर्न जानु हो भन्ने बुझाइ कतिपयको छ । यहाँलाई के लाग्छ, दुतावास आराम गर्ने थलो हो ?' यस प्रश्नमा प्रस्तावित राजदुत भट्टराईले कुनै जवाफ दिएनन् । सरकारले परराष्ट्र सेवामा रहेका वरिष्ठ सहसचिवलाई विभिन्न कूटनीतिक नियोग र मुलुकमा राजदूतका लागि प्रस्ताव गरी संसदीय सुनुवाइका लागि समितिसमक्ष पठाएको थियो ।

सरकारले सिफारिस गरेका राजदूतको संसदीय सुनुवाइ समितिबाट अनुमोदन भएपछि राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । गत असार २६ गते बसेको मन्त्रिपरिषदको बैठकले रिक्त सातमध्ये ६ कूटनीतिक नियोगका लागि राजदूत सिफारिस गरेको थियो । त्यसमध्ये तीन जना प्रस्तावित राजदुतको सुनुवाइ सकिएको छ । समितिले बिहीबार प्रस्तावित राजदूत घनश्याम लम्साल (कुवेत), तेजबहादुर क्षेत्री (संयुक्त अरब इमिरेट्स) र धनबहादुर ओलीको (थाइल्यान्ड)को संसदीय सुनुवाइ गर्नेछ ।

## ६ महिनापछि...

तथा सहकारी मन्त्री र भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्रीको जिम्मेवारी नागरिक उन्मुक्तिकै कैलाश चौधरी दिएका हुन् । मन्त्री भट्ट बैतडीको प्रदेशसभा (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य हुन् । रामेश्वर चौधरी कैलाली निर्वाचन क्षेत्र नम्बर २ (ख) बाट निर्वाचित भएका थिए । कैलाश चौधरी कैलाली निर्वाचन क्षेत्र नं. १ (१)बाट निर्वाचित भएका हुन् । सरकारलाई समर्थन जनाए पनि यसअघि भागबण्डा नमिल्दा नागरिक उन्मुक्ती पार्टी सरकारमा सहभागी भएको थिएन् । नागरिक उन्मुक्ती पार्टीको भागमा राखेर प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई अहिले सम्म मन्त्री बिहिन राखिएको थियो । भागबण्डामा सहमती नहुँदा यसअघि नागरिक उन्मुक्ती पार्टी सरकारमा सहभागी भएको थिएन् ।

शुरुदेखि नै सत्तागठबन्धन बिच भागबण्डामा कुरो नमिल्दा मुख्यमन्त्री शाहलाई सरकारलाई पूर्णता दिन सकस परेको थियो । सरकारलाई पूर्णता दिन मन्त्री शाह लगायत सत्तागठबन्धन दलका नेताहरु कैयौ पटक काठमाण्डौमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली काग्रेसका सभापति शेरबहादुर देउवालाई भेटेका थिए । शिर्ष नेताहरुको पहल पछि नागरिक उन्मुक्ती पार्टी सरकारमा सहभागी हुन मन्जुर भएको हो ।

२६ माघ २०८० मा मुख्यमन्त्री नियुक्त भएर माघ २७ गते पद तथा गोपनियताको सपथ खाएकै दिन मुख्यमन्त्री शाहले नेपाली काग्रेसका प्रकाश देउवालाई भौतिक पुर्वाधार विकास मन्त्री र नेकपा एकीकृत समाजवादीका नरेस शाहीलाई आर्थिक मामिला मन्त्रीमा नियुक्त गरेका थिए । करिव ४ महिना पछि गत जेठ ६ गते मात्र सुदूरपश्चिम प्रदेश सरकारमा तीन मन्त्री र एक राज्यमन्त्री थपिएका थिए । नेकपा माओवादी केन्द्रका रमेश धामी उद्योग पर्यटन वन तथा वातावरण मन्त्री, झपट बहादुर साउद सामाजिक विकास र नेपाली काग्रेसका पृथ्वीबहादुर सिंह आन्तरिक मामिला तथा कानून मन्त्रीमा नियुक्त भएका थिए । प्रदेश शभामा ७ सदस्य रहेको नागरिक उन्मुक्ती पार्टीले त्यतीवेला भागबण्डामा असन्तुष्टी जनाउदै सरकारमा सहभागी हुन ईन्कार गरेको थियो ।

गत मंसिर ४ गते भएको निर्वाचन बाट निर्वाचित सुदूरपश्मि प्रदेश शभामा कुनै पनि दलको बहुमत छैन । ५३ सदस्यीय प्रदेश शभाका २९ (बहुमत) सदस्य पुगाएर पुस २७ गते मुख्यमन्त्री नियुक्त भएका नेकपा एमालेका संसदिय दलका नेता राजेन्द्र सिंह रावलले विश्वासको मत प्राप्त गर्न नसकेपछि सरकार विस्तार नहुँदै एक महिनामै ढलेको थियो । रावललाई मुख्यमन्त्री नियुक्त गर्न हस्ताक्षर गरेका नागरिक उन्मुक्ती पार्टीका सासंदहरुले विश्वासको मत नदिदाँ रावलको सरकार संकटमा परेको थियो । संविधानको धारा १६८ को ३ बमोजिम प्रदेश शभामा सबैभन्दा ठूलो दलको नेताका हैसियतले नेपाली काग्रेसका संसदिय दलका नेता कमल बहादुर शाह गत माघ २६ गते मुख्यमन्त्री नियुक्त भएका थिए । केन्द्रमा सत्तागठबन्धन बदलिदा शाहलाई विश्वासको मत लिन सहज भएपनि सरकारलाई पूर्णता दिन भने हम्मे हम्मे परेको थियो । सुदूरपश्चिम प्रदेश सरकारले पूर्णता नपाउदाँ विकास लागयतका कामले गति पाउन सकेको थिएन् ।

नेपाली काग्रेस, नेकपा माओवादी केन्द्र, नागरिक उन्मुक्ती पार्टी र नेकपा एकिकृत समाजवादी सत्तागठन्धनमा रहेका छन् । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेश सभामा सदूरपश्चिम प्रदेश शभामा नेपाली काग्रेसका १९, माओवादी केन्द्रका ११, नेकपा एमालेका १०, नागरिक उन्मुक्ती पार्टीका ७, नेकपा एकिकृत समाजवादीका ४, राप्रपा १ र स्वतन्त्र १ प्रदेश शभा सदस्य रहेका छन् ।

## रोमानिया...

युरोपेली मुलुक साइप्रस रहेको छ । उक्त मुलुकमा नेपाली महिला कामदार धेरै गएका छन् । विभागका अनुसार संस्थागतरुपमा ३ हजार ४ सय १७ महिला र ८ सय ५० पुरुष गरी ४ हजार २ सय ७६ नेपाली गएका छन् भने उक्त मुलुकमा व्यक्तिगतरुपमा ८ जना पुरुषमात्रै गएका छन् ।छैटौं स्थानमा रहेको बेलायतमा १ हजार ५ सय ३३ पुरुष र ६ सय ६२ महिला गरी २ हजार १ सय ९५ जना र पुनः श्रम स्वीकृतिसहित गरी २ हजार २ सय ४८ जना गएका छन् । त्यसमध्ये म्यानपावर व्यवसायीले ५३ जनामात्र पठाएका छन् ।त्यसैगरी सर्बियामा ९ सय ६२ जना, पोर्चुगलमा ७ सय ३० जना, अष्ट्रियामा ४ सय ४५ जना गएका छन् । यसका अतिरिक्त टर्की, स्वीडेन, स्पेन, सोल्भेनिया, स्लोभाकिया, सेसल्स, रसिया, कोसोभो, बुल्गेरिया, नर्वे, नेदरल्याण्ड, लग्जम्बर्ग, लिथुवानिया, इटाली, आयरल्याण्ड, आइसल्याण्ड, हंगेरी, जर्मनी, फ्रान्स, फिनल्याण्ड, डेनमार्क, चेक रिपब्लिक, बेल्जियम, बेलारुसलगायतका मुलुकमा नेपाली कामदार वैदेशिक रोजगारमा पुगेको विभागको हालैसार्वजनिक वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले युरोपेली मुलुकमा नेपाली कामदारका लागि पर्याप्त डिमाण्ड भएपनि त्यहाँका नेपाली दूतावास तथा कुटनैतिक नियोगहरुले मागपत्र प्रमाणीकरण नगर्दा नेपाली कामदार रोजगारीमा जान नपाएको बताएको छ ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले यसै महिनाको अन्तिममा युरोपेली मुलुकको बजार प्रवर्द्धनका लागि सामूहिक भ्रमण र रोजगार मेलाको आयोजना गर्ने बताएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१८**

**वन.ई. सेभेन प्रा.लि.** को मिति २०७९/१०/१० गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **फोकस बिजनस प्रा.लि. (प्रा.लि. नं.: १२१४०६)** कायम गर्ने गरी मिति २०८०/०४/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कुमारी बैंक लिमिटेड शाखा कार्यालय करैयामाई, बाराको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०८०/०४/१८ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय करैयामाई, बाराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**१. ऋणीको विवरण:**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत मिति २०७५/१०/०७ मा प्रा.फ.नं.घ.उं.वी. ७१९२/४५९/०७५/०७६ मा दर्ता भई करदता सेवा कार्यालय बारा जिल्ला सिमराबाट मिति २०७५/१०/११ मा स्थायी लेखा नम्बर ६०९१२६५०७ दर्ता कायम भई बारा जिल्ला, फेटा गा.पा वडा नं. ४ स्थित रजिष्ट्रार कार्यालय रहेको **शिवम गाई भैसी पशुपालन फार्म** (प्रोप्राईटर राज कुमार राउतको नाति, जगदिश राउतको छोरा, लालमुनी यादवको पति, बारा जिल्ला बतरा गा.वि.स वडा नं. ४, बस्ने **विरेन्द्र प्रसाद यादव** (ना.प्र.नं. १२८०/१६७१/४१४६, जारी मिति २०५२/०४/१७ जिल्ला प्रशासन कार्यालय, बारा ) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. शिव बुघन राउतको नाति, राज कुमार राउतको छोरा, लालमतिया अहिरीनको पति, बारा जिल्ला बतरा गा.वि.स वडा नं. ४, बस्ने **जगदिश राउत** (ना.प्र.नं. ३३८३५/१३२४/२०५, जारी मिति २०४४/११/१६ जिल्ला प्रशासन कार्यालय, बारा ) ।
२. बालकुवर अहिरीको नातिनी, भिखारी राउत अहिरको छोरी, विरेन्द्र प्रसाद यादवको पत्नीबारा जिल्ला बतरा गा.वि.स वडा नं. ४ बस्ने **लालमुनी यादव** (ना.प्र.नं. ३३१०८७/२६९९१ जारी मिति २०६९/०२/२४ जिल्ला प्रशासन कार्यालय, बारा ) ।
३. फौद राउत अहिरको नातिनी, ठग राउत अहिरको छोरी, जगदिश राउतको पत्नी बारा जिल्ला बतरा गा.वि.स वडा नं. ४, बस्ने **लालमतिया अहिरीन** (ना.प्र.नं. १८४/८३६/१३५५ जारी मिति २०४४/११/१५ जिल्ला प्रशासन कार्यालय, बारा ) ।
४. राज कुमार राउतको नाति, जगदिश राउतको छोरा, लालमुनी यादवको पति, बारा जिल्ला बतरा गा.वि.स वडा नं. ४, बस्ने **विरेन्द्र प्रसाद यादव** (ना.प्र.नं. १२८०/१६७१/४१४६, जारी मिति २०५२/०४/१७ जिल्ला प्रशासन कार्यालय, बारा ) ।

**धितो सुरक्षणको विवरण:**
१. **जगदिश राउत**को नाममा मालपोत कार्यालय, कलैया, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बतरा, गा.वि.स/न.पा. वडा नं. १ स्थित कित्ता नं. २८५ र २८४ को क्षेत्रफल क्रमश ०-३-१५-० र ०-४-७-० (बि.क.धु.) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत ।
२. ऋणी **शिवम गाई भैसी पशुपालन फार्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरूसँग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

**२. ऋणीको विवरण:**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय अन्तर्गत मिति २०६८/०४/२९ मा प्रा.फ.र.नं. ७२३/०६४/०६५ मा दर्ता भई करदता सेवा कार्यालय बारा जिल्ला सिमराबाट मिति २०७५/०५/१० मा स्थायी लेखा नम्बर ३०२६६०३६८ दर्ता कायम भई बारा जिल्ला गंजभवानीपुर गा.वि.स. वडा नं. ४ स्थित रजिष्ट्रार कार्यालय रहेको **शशि ट्रेर्डस** (प्रोप्राईटर राम प्रसाद साह कानुको नाति, नन्दलाल साह कानुको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४ स्थायी ठेगाना बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४ बस्ने **चन्दन प्रसाद गुप्ता** (ना.प्र.नं. ३३३०३३/६९२, जारी मिति २०६३/१०/१४ जिल्ला प्रशासन कार्यालय, बारा )

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. राम प्रसाद साह कानुको नाति, नन्दलाल साहको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४, स्थायी ठेगाना बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४ बस्ने **चन्दन प्रसाद गुप्ता** (ना.प्र.नं. ३३३०३३/६९२, जारी मिति २०६३/१०/१४ जिल्ला प्रशासन कार्यालय, बारा )
२. राम प्रसाद साह कानुको नाति, नन्दलाल साहको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४, स्थायी ठेगाना भई बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४ बस्ने **ललन कुमार गुप्ता** (ना.प्र.नं. १७३७/२३२१, जारी मिति २०६०/०८/२४ जिल्ला प्रशासन कार्यालय, बारा )
३. राम प्रसाद साह कानुको नाति, नन्दलाल साहको छोरा, बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं. ४, स्थायी ठेगाना बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं.४ बस्ने **रामबाबु प्रसाद गुप्ता** (ना.प्र.नं. ३३२०४५/३०७२/३४१, जारी मिति २०५०/०५/२३ जिल्ला प्रशासन कार्यालय, बारा) ।
४. राम प्रसाद साह कानुको बुहारी, बिगु साह कानुको छोरी, नन्दलाल साहको पत्नी बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं. ४, स्थायी ठेगाना भई हाल बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं. ४ बस्ने **धनमन्ती कनुईन** (ना.प्र.नं. ८०५/४२२११३१०, जारी मिति २०३५/०२/०६ जिल्ला प्रशासन कार्यालय, बारा )
५. हिरालाल साहको नातिनी, इश्रीसाह कानुको छोरी, चन्दन प्रसाद गुप्ताको पत्नी जि.बारा गंजभवानीपुर गा.वि.स वडा नं.४, स्थायी ठेगाना बारा जिल्ला गंजभवानीपुर गा.वि.स वडा नं. ४ बस्ने **फुलकान्ती देवी** (ना.प्र.नं. ३३–०१–७५–००३७९, जारी मिति २०७५/०१/१६ जिल्ला प्रशासन कार्यालय, बारा )

**धितो सुरक्षणको विवरण:**
१. **धनमन्ती कनुईन**को नाममा मालपोत कार्यालय, कलैया, बारामा दर्ता कायम रहेको बारा जिल्ला, गंजभवानीपुर गा.वि.स/न.पा, वडा नं. ५ स्थित कित्ता नं. ३८० को क्षेत्रफल ०-०-१८-० (बि.क.धु.) जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. ऋणी **शशि ट्रेर्डस**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरूसँग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय करैयामाइ, बारा मोबाईल नं. ९८४५७८९७७०**

# सडक सञ्चालन नहुँदा गाउँघरका उत्पादन बजारीकरणमा समस्या

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १७ साउन

उदयपुरको पहाडी तथा ग्रामीण भेगको गाउँवस्तीमा बाह्रै महिना सडक सञ्चालन नहुँदा स्थानीय गाउँघरमा उत्पादन गरिएका अन्न, फलफूल तथा वस्तुहरुको बजारीकरणमा समस्या भएको छ ।

सडकको पहुँचसँगै बाह्रै महिना यातायातका साधन सञ्चालन नहुँदा गाउँघरमै उत्पादन गरिएको नगदे तथा अन्य बाली गाउँमै न्यून मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता रहेकाले डोकोमा बोकेर गाउँबाट घण्टौं घण्टा पैदल हिँडेर गाडी भएको ठाउँसम्म पुऱ्याउने गरिएको स्थानीयको भनाइ छ ।

जिल्लाको ६० प्रतिशत भू-भाग पहाडी क्षेत्रले ओगटेको छ । यातायातका साधन सञ्चालन नहुँदा विगत ५ वर्षदेखि मुख्य खाद्य बालीको सट्टा नगदे फलफूल खेती गर्दै आएकी त्रियुगा नगरपालिका-१५ गहते साल्थुम्कीकी मधुकुमारी राईलाई आफूले उत्पादन गरेको फलफूल बेच्न समस्या भएको छ ।

सडकको ट्र्याक खोलिए पनि सञ्चालन नहुँदा स्थानीयस्तरमा उत्पादन गरिएको खाद्य तथा नगदे बाली, फलफूल बोकेर दुई घण्टाको पैदल हिँडेर स्थानीय हाटबजार बेल्दोभान र डहरसम्म पुग्नुपर्ने बाध्यता रहेको राई बताउँछिन् । राईले अनुमानित १५ रोपनी जग्गामा लिच्ची, भुईंकटहर, केरालगायतका फलफूल तथा अम्लिसो, सिन्कौलीजस्ता नगदे बाली खेती गर्दै आएकी छिन् ।

उनले छोराछोरीहरु सदरमुकाम गाईघाटलगायतका ठाँउमा पढ्न गएको र घरमा कोही नहुँदापनि यो फलफूल खेती गर्न सजिलो हुने बताइन् । बजारीकरण गर्न सके फलफूलबाट राम्रो आम्दानी लिन सकिने नभए गाउँमै कुहिएर जाने उनी बताउँछिन् । उनले स्थानीयस्तरमा फलफूल सस्तो भएपनि भुईंकटहरबाट एक लटमा ३५ हजारभन्दा बढी आम्दानी लिन सकिने बताइन् ।

स्थानीय तथा केन्द्र सरकारले चाँडोभन्दा चाँडो सडक निर्माणसँगै सञ्चालनमा ध्यान दिनुपर्ने र स्थानीय गाउँघरमा उत्पादन गरिएका बाली बजारीकरणका लागि जोड दिनुपर्ने उनको भनाइ छ ।





गाउँघरमा उत्पादित वस्तु स्थानीय हाटबजार सल्ले, पोखरी बेल्दोभान, साउनेलगायत जिल्लाको मुख्य व्यापारिक केन्द्र कटारी, गाईघाट, मुर्कुची, नेपालटार, जलजलेसम्म आइपुग्दा दोहोरो ढुवानी खर्च लागेर महँगो हुने गरेको छ ।

साल्थुम्की गहते सडक एक पटक मर्मत गर्ने कार्य भएपनि पहाडी भेग भएकाले बर्खामा पुनः सडक बिग्रिएर ट्याक्टर पनि जान नसक्ने नाजुक अवस्था रहेको त्रियुगा नगरपालिका-१५ का वडा अध्यक्ष गणेश तिम्सिनाले जानकारी दिए । उनले सो सडक निर्माणका लागि कुनै योजना र लगानी नपरेको पनि जानकारी दिए । स्थानीय तहमा उत्पादन कम रहेकाले बोकेर हाटबजारसम्म लिएर आउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । बढी उत्पादन भए स्थानीय सरकारले कुनै विकल्प दिन सक्ने उनको भनाइ थियो ।

ग्रामीण तथा पहाडी भेगमा ९० प्रतिशत ट्र्याक खोल्ने काम भएपनि ४५ प्रतिशतमात्र सडक सञ्चालनमा रहेको र बाँकी सडकमध्ये कुनै ६ महिना र कुनै ९ महिना चल्ने गरेको उदयपुरगढी गाउँपालिकाका अध्यक्ष मानबहादुर केप्छाकी मगरले मध्यान्हलाई जानकारी दिए । अध्यक्ष केप्छाकीले उदयपुरगढी गाउँपालिकामा ७ देखि १० घरधुरी भएको ठाउँसम्म ग्रामिण सडक सञ्जाल जोडिएको बताए । उनले यहाँको मुख्य बाली आलु, धान, मकै, सिन्कौली रहेको र मुख्य व्यापारिक केन्द्र कटारी रहेको जानकारी दिए । उनले ग्रामीण भेगमा उत्पादन कम भएको बखतमा मात्र ३ किलोमिटरसम्म बोकेर गाडी भएको ठाउँसम्म ल्याउनुपर्ने बाध्यता रहेको जनाए ।

यस्तै ताप्ली गाउँपालिकाअन्तर्गत पहाडी भेगमा बनेका अधिकांश सडकहरु बाह्रै महिना सञ्चालन नहुने र अहिले मुख्यगरी बेतेनीबाट रुपाटारसम्मको सडकमा यातायात सञ्चालन रहेपनि गाउँ टोल जोड्ने सडक सञ्जालमा समस्या रहेको ताप्ली गाउँपालिकाका अध्यक्ष ढुङ्गराज बिकले मध्यान्हलाई जानकारी दिए । अध्यक्ष बिकले स्थानीय उत्पादनको बजारीकरण गर्ने ठाउँ स्थानीयस्तरमा नभएको र व्यापारिक केन्द्र कटारी टाढा रहेको बताए ।

उनले स्थानीयस्तरको उत्पादनलाई बजारीकरण गर्न दुई वटा कृषि एम्बुलेन्स अनुमानित ५२ लाख रुपैयाँमा खरिद गरेसँगै यसले स्थानीय उत्पादन संकलन गरेर मुख्य व्यापारिक केन्द्रहरुमा ढुवानी गरिरहेको बताए ।

त्यस्तै रौतामाईअन्तर्गतका सडकमा पनि बर्खायाममा समस्या आउने गरेको रौतामाई गाउँपालिकाका उपाध्यक्ष भुपेन्द्र थापाले मध्यान्हलाई जानकारी दिए । उपाध्यक्ष थापाले सबै वडामा कच्ची सडक पुगेपनि सबै वडामा पुग्न सक्ने सम्भावना कम रहेको र अहिले दुई ठाँउमा सडक बन्द रहेको जानकारी दिए । उनले पहाडी तथा ग्रामीण भेगमा सडकभन्दा घरहरू धेरै टाढा रहेकाले स्थानीय उत्पादन बजारीकरणमा समस्या रहेको बताए ।

गाउँपालिकाका सबै ठाउँमा सडकको माग रहेपनि लहान सडक कार्यालयबाट मुर्कुची, पुवारे भञ्ज्याङ, भुट्टार हुँदै लाफागाउँसम्मको १६ किलोमिटर सडकको योजनासँगै डीपी र आइएइ गर्ने प्रक्रिया सम्पन्न भइसकेको बताउँदै उनले सो सडकको लागत ६४ करोडभन्दा बढी रहेको जानकारी दिए ।

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

**यहाँ** JAPAN **र** KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्क:** 01-4958923 / 01-4952044
**मो:** 9741818340 ( WhatsApp/Viber )

कतार दूतावासमा हातपात काण्ड

# दोषिमाथि कारबाही हुनेछ : राजदूत ढकाल



**काठमाडौं/मस–** कतारस्थित नेपाली दूतावासको बैठक कक्षमा आयोजित सर्वपक्षीय छलफलमा हातपात भएको घटना सार्वजनिक भएको छ । नेपाली जनप्रगतिशील मञ्च कतारका अध्यक्ष बुद्धिप्रसाद भण्डारीले आफूमाथि दूतावासको बैठक कक्षमा हातपात भएको बताएका छन् ।

उनले आफूमाथि हातपात भएको भन्दै कतारका लागि नेपाली राजदूत नरेशविक्रम ढकाललाई न्यायका लागि निवेदनसमेत दिएका छन् । गैर आवासीय नेपाली संघ (एनआरएनए) एनसीसी कतारको निर्वाचन अघि साउन ८ गते एनसीसी कतारले सर्वमक्षीय बैठक बोलाएको थियो । उक्त बैठकमा राजदूत ढकाल पनि सहभागी थिए । तर राजदूत ढकाल बैठकबाट बाहिरिएपछि आफूमाथि हातपात भएको भण्डारीले बताएका छन् ।

भण्डारीले राजदूत ढकाल बैठकबाट बाहिरिएपछि एनसीसी कतारका तत्कालीन अध्यक्ष मोहम्मद मुक्तदा मुसलमानले विधि, विधान र पद्धति बाहिर गएर अनुचित निर्णयमा दस्तखत गर्न बल प्रयोग गरेको र दस्तखत गर्न नमान्दा योजनाकार मुक्तदा र नरेश श्रेष्ठले अब्दुल रहमान, रामबहादुर हमाललगायत गलत प्रवृत्तिका व्यक्तिहरू करिब २०/२५ जनालाई दूतावासको बैठक कक्षभित्र प्रवेश गराइ क्रमशः सबैलाई हातपात गरेको आरोप लगाएका छन् ।

भण्डारीले उक्त कुटपिटको घटनामा संलग्न सबैलाई अनुसन्धान गरी हदैसम्मको कारबाही गर्न राजदूत ढकालसमक्ष माग गरेका छन् । दूतावासको बैठक कक्षमा रहेको सीसी क्यामराको रेकर्डिङ हेरी उनीहरूको पहिचान गर्न सकिने पनि भण्डारीले निवेदनमा उल्लेख गरेका छन् ।

भण्डारीले निवेदनमा भनेका छन्, 'महामहीमज्यू (राजदूत) निस्केपछि एनसीसी अध्यक्षले विधि, विधान र पद्धति बाहिर गएर अनुचित निर्णयमा दस्तखत गर्न बल प्रयोग गरेको, दस्तखत नमान्दा योजनाकार मोहम्मत मुक्तदा र नरेश श्रेष्ठले अब्दुल रहमान, रामबहादुर हमाललगायत गलत प्रवृत्तिका व्यक्तिहरू एक हुल (करिब २०/२५ जना) राजदूतावासको बैठक कक्षाभित्र प्रवेश गराइ क्रमशः सबैलाई कुटपिट/हातपात गरी भयाभहको स्थिति सिर्जना गराइ बैठक कक्षलाई रणमैदानमा परिणत गरेको जानकारी गराउँछु, श्रीमानसमक्ष निज एनसीसी अध्यक्ष मोहम्म मुक्तदा मुसलमानसहित रामबहादुर हमाल, नरेश श्रेष्ठ, अब्दुल रहमानलगायत उक्त कुटपिट घटनामा संलग्न सबैलाई अनुसन्धान गरी हदैसम्मको कारबाही गरी पाउँ ।'

यस विषयमा मध्यान्हले काठमाडौंबाट कतारका लागि नेपाली राजदूत ढकालसँग बुझ्दा आफूलाई पनि दूतावासको बैठक कक्षमा हातपात भएको जानकारी प्राप्त भएको बताए । सर्वपक्षीय बैठकका लागि दूतावासको बैठक कक्ष दुई घण्टाका लागि उपलब्ध गराइएको बताउँदै राजदूत ढकालले आफू दुई घण्टापछि बाहिरिएको र त्यसपछि केही पक्षबीच वादविवाद र हातपात भएको खबर प्राप्त भएको बताए ।

नेपाली नेपालीबीच नै उत्पन्न समस्या आपसी छलफल र समन्वयमा समाधान गरिनुपर्नेमा हातपातको अवस्था आउनु अत्यन्त दुखद पक्ष भएको बताउँदै राजदूत ढकालले उक्त हातपातको घटना दूतावासले गम्भीररुपमा लिएको बताए । राजदूत ढकालले उक्त घटनामा दोषी रहेकाहरुलाई कारबाही गरेरै छाड्ने प्रतिबद्धता जनाउँदै अहिले घटनाको सुक्ष्म अध्ययन भइरहेको मध्यान्हलाई जानकारी दिए ।

**लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश**

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो । यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो ।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं ।

**मुख्य लक्षणहरू:**

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने
- मृत्युदर कम भए पनि धेरै पशुहरु (५-४५%) बिरामी हुन सक्ने

**रोग सर्ने मुख्य कारणहरू**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा



**उपचार तथा रोकथाम**

- ठोस उपचार छैन ।
- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार ।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन ।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण ।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने ।

**महादेवा गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बथनाहा, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

## आरुघाट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**आरुघाट, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### कवाडी सामाग्री संकलन तथा निर्यात सम्बन्धी दरभाउ पत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१८**

प्रस्तुत बिषयमा यस आरुघाट गाउँपालिका क्षेत्रभित्र कवाडी सामाग्री संकलन तथा निर्यात सम्बन्धी कार्यको आ.व. २०८०/८१ को लागी ठेक्का लगाउनुपर्ने भएकोले तपशिल बमोजिम न्यूनतम मूल्य नघट्ने गरी संलग्न शर्तहरुको परिधिभित्र रहेर कवाडी सामाग्री संकलन तथा निर्यात सम्बन्धी कार्यको ठेक्का लिन ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाण-पत्र, पान दर्ता/ मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७८/०७९ को कर चुक्ता प्रतिलिपिहरु संलग्न गरी रितपूर्वकको सिलबन्दी दरभाउपत्र यस गाउँ कार्यपालिकाको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

| ठेक्का नं. | विवरण | गाउँपालिकाबाट कायम गरिएको बार्षिक न्यूनतम रकम (मू.अ. कर बाहेक) | धरौटी रकम | फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ARU/Rev/01/2080-081 | कवाडी सामाग्री संकलन तथा निर्यात | रु ३,००,०००।- (तीन लाख मात्र) | कबोल अङ्कको ५% (पाँच प्रतिशत) | रु १०००।- (एक हजार) | |

**शर्तहरु:**

१. दरभाउपत्र सूचना प्रकाशन भएको मितिले १५ औ दिनभित्र तोकिएको दस्तुर तिरी दरभाउपत्र खरिद गरी १६ दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । पेश हुन आएका दरभाउपत्रहरु १६ औ दिन २ बजे यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन विदा परेमा बिदापछि कार्यालय खुलेको दिन सोही समय र स्थानमा गरिनेछ ।
२. आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. (ग-३-१) ३२१०१००३०३०१०००२ मा जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
३. दरभाउपत्र दाताले दरभाउपत्र छनौट भई सम्झौता भएपश्चात २०८१ साल असार मसान्तसम्मका लागी गाउँपालिका क्षेत्रभित्रको कवाडी सामग्री संकलन तथा निर्यात सम्बन्धी कार्य गर्नपाउनेछ ।
४. दरभाउ पत्र दाताले गाउँपालिका क्षेत्रभित्र रहेका अन्य कवाडी संकलकहरुसंग गाउँपालिकाले निर्धारण गरेको दररेट भन्दा बढी नहुने गरी कवाडी कर संकलन गर्न सक्नेछ ।
५. ठेक्का सम्झौता गर्दा कवोल अङ्कको अग्रिम आयकर बापतको १.५% र मु.अ. कर वापतको १३% ले हुन आउने रकम दरभाउ पत्र दाताले जम्मा गरी सक्कलै भौचर पेश गर्नु पर्नेछ ।
६. दरभाउपत्र स्वीकृत भई सूचना पाएको मितिले १५ दिनभित्र आफुले कबोल गरेको रकमको प्रथम किस्ता वापत ५०% ले हुन आउने रकम बुझाउनुपर्नेछ । दोस्रो किस्ता वापतको ५०% ले हुन आउने रकमको नेपाल राष्ट्र बैंकबाट क वर्गको इजाजत प्राप्त बैंकमार्फत यस कार्यालयको नाममा मिति २०८१ साल श्रावण मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ । दोस्रो किस्ता वापतको रकम मिति २०८१ साल ज्येष्ठ मसान्त भित्र बुझाउनुपर्नेछ ।
७. यस कार्यालयले कवाडी भनि निर्धारण गरेका सामाग्रीहरुको मात्र निर्यात गर्न पाउनेछ ।
८. यसमा उल्लेख भए भन्दा अन्य बिषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।
९. ठेक्कामा कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

### माधव एग्रीगेट ईन्डष्ट्रिज उद्योगको लिक्वीडसनको सामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको म्याद थप, तथा सो सम्बन्धि अन्य सूचना

(दोश्रो पटक प्रकाशित सूचना: २०८०/०४/१७

माधव एग्रीगेट ईन्डष्ट्रिज उद्योगको जि. मोरंग, बेलबारी न. पा. वडा नं. ०८ स्थित साईट प्राङणमा रहेका तपसिल बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिकी गरिने प्रथम पटक मिति २०८०/०४/०३ मा यस दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएकोमा यस दोश्रो पटक प्रकाशित सूचनाबाट उक्त सामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको म्याद यो सूचना प्रकाशित मितिले १५ दिन थप गरिएको छ,तथा लिलाम विक्रिमा सहभागी हुन चाहने इच्छुक फर्म वा संस्थाको सुविधाको लागि निम्नानुसारको परिवर्तन गरिएको जानकारी गराईन्छ।

**तपसिल**

| लिलाम हूने सामानहरु | बोलपत्र पाउने स्थान र समय | बोलपत्र बूझाउन प्रक्रिया र अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति समय र स्थान | बोलपत्र साथ बूझाउनू पर्ने धरौटी रकम |
|---|---|---|---|---|
| उद्योगको परिषरमा रहेका क्रसरका पूराना पार्टस,हेभि मेशीन, अन्य मेशीनहरु समेत | १. उद्योगको उक्त सामान रहेको स्थान जि.मोरंग, बेलबारी न. पा. वडा नं. ०८<br>२. सम्पर्क व्यक्ति महेन्द्र ब तामाङ सम्पर्क नं.९८४२२३३६२८<br>३. समय: दिनको ११ बजे देखी १४:०० बजे सम्म । | १.बोलपत्र madhavaggregate@gmail.com मा पठाउनु होला ।<br>२. सम्पर्क व्यक्ति: महेन्द्र ब तामाङ, सम्पर्क नं.९८४२२३३६२८<br>३. समय: सूचना प्रकाशित मितिले १५औं दिन को १६:०० बजे सम्म । | मिति २०८०/०५/११ गते दिनको १४:०० बजे<br>स्थान: जि. मोरंग, बेलबारी न. पा. वडा नं. ०८ | Nepal SBI Bank Ltd. स्थीत माधव एग्रीगेट ईन्डष्ट्रिज उद्योग (Under Liquidation) को खाता नं.१८५२५२४०२००८११. मा नगद जम्मा गरेको भौचर पेश गर्नु पर्नेछ । |

**बोलपत्र फारम दस्तूर:** फिर्ता नहूने गरी रु. ५,०००/- मात्रको Nepal SBI Bank Ltd. को उल्लेखीत खातामा जम्मा गरेको बैंक भौचर संलग्न गरी तोकिएको स्थानबाट बोलपत्र फारम लिनु पर्ने छ । प्रथम पटकको सूचना अनुसार बोलपत्र खरिद गरेका फर्म वा संस्थाले सोही बोलपत्र प्रयोग गर्न सक्ने छन । बोलपत्रका शर्त तथा जानकारीमा केहि परिवर्तन गरिएको जानकारी सम्पर्क व्यक्ती मार्फत प्राप्त गर्न जानकारी गराइन्छ ।



## सम्पादकीय

# बलियो नेतृत्व कमजोर लोकतन्त्र

डेढ वर्षपछि बुधबारदेखि सत्तारूढ दल नेकपा माओवादी केन्द्रको केन्द्रीय कमिटी बैठक शुरू भएको छ। बैठकको पहिलो दिन नै राजनीतिक तथा सांगठानिक प्रतिवेदन पेश भएको छ। राजनीतिक प्रतिवेदनमा माओवादी केन्द्रको राष्ट्रिय राजनीतिमा भूमिका र आगामी कार्यदिशाबारे उल्लेख गरिएको छ। संगठनात्मक निर्णयमा भने २४ जनालाई केन्द्रीय कमिटीमा थप गर्ने प्रस्ताव पेश भएको छ। केन्द्रीय कमिटीमा ३३ प्रतिशत महिला सुनिश्चित गर्न केन्द्रीय सदस्य थप्ने प्रस्ताव पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पेश गरे। यसअघि नै माओवादी केन्द्रमा ३८५ सदस्यीय केन्द्रीय सदस्य थिए। थप गरिएको सहित अब ४०९ सदस्य केन्द्रीय कमिटी बनेको छ।

यसमा डेढ सय वैकल्पिक केन्द्रीय सदस्य र प्रदेशका पदाधिकारी गरी बैठकमा अब हजार नजिक सहभागी हुनेछन्। केन्द्रीय कमिटीको यो आकार नेपालका अरू दल भन्दा धेरै हो। बुधबारकै दृष्यले पनि माओवादी केन्द्रको केन्द्रीय कमिटी कत्रो बन्यो भन्ने अनुमान गर्न सकिन्छ। सहभागी संख्या हेर्दा केन्द्रीय कमिटी बैठक नभएर ठूलै सभाजस्तै देखिन्छ। सभाकै रूप देखिनुको अर्थ बैठकमा केन्द्रीय सदस्यहरूको सहभागिता अर्थपूर्ण हुनेछैन। किनकि यति धेरै नेताहरूको कुरा सुनेर निष्कर्ष निकाल्नु सजिलो हुनेछैन। पार्टी नेतृत्वले लिएको निर्णय अनुमोदन गर्न औपचारिक प्रक्रिया मात्रै हुनेछ। डेढ वर्षमा बसेको बैठकमा केन्द्रीय नेताहरू नेतृत्वको मन्तव्य सुन्ने र जिल्ला फर्कने भूमिकामा सीमित हुनेछन्।

